चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, संखुवासभा
कोशी प्रदेश, नेपाल

## कार्यपालिका बैठक उपस्थिति

बैठक मितिः २०८१/४/३२ बैठक सङ्ख्याः १

बैठक प्रारम्भ समयः ९: ०० बजे बैठक समापन समयः २:०० बजे

आज मिति २०८१/४/३२ गते बसेको यस कार्यपालिका बैठकको उपस्थिति यसप्रकार रहेको छः-

| क्र.स. | पद | दर्जा | पदाधिकारीको नाम | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १. | अध्यक्ष | अध्यक्ष | पासाङ नुर्बु शेर्पा | | |
| २. | सदस्य | उपाध्यक्ष | मनकला राई | | |
| ३. | सदस्य | वडाध्यक्ष | पूर्ण कुमार राई | | |
| ४. | सदस्य | वडाध्यक्ष | दिनेश कुमार राई | | |
| ५. | सदस्य | वडाध्यक्ष | जीत बहादुर राई | | |
| ६. | सदस्य | वडाध्यक्ष | वा र्ल कुमार तामाङ्ग | | |
| ७. | सदस्य | वडाध्यक्ष | चन्द्रबीर राई | | |
| ८. | सदस्य | सदस्य | राजेन्द्र घले | | |
| ९. | सदस्य | सदस्य | इन्द्र बहादुर राई | | |
| १०. | सदस्य | सदस्य | पुष्पा राई | | |
| ११. | सदस्य | सदस्य | जुल्मी राई | | |
| १२. | सदस्य | सदस्य | तारा कुमारी विश्वकर्मा | | |
| १३. | सचिव | प्रमुख प्रशासकीय अधिकृत | सन्तोष राई | | |
| १४. | आमन्त्रित सदस्य | सूचना प्रविधि अधिकृत | जोशन गुरुङ | | |

चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

## कार्यपालिका बैठक निर्णय

**बैठक मितिः** २०८१/०४/३२ **बैठक सङ्ख्याः** ०१
**बैठक प्रारम्भ समयः** ११:०० बजे **बैठक समापन समयः** ३:०० बजे

आजका दिन बसेको यस कार्यपालिका बैठकले कार्यसूचीका आधारमा छलफलबाट गरिएका सर्वसम्मत निर्णयहरूको मुख्य व्यहोरा निम्न बमोजिम छन्:

१. अघिल्लो कार्यपालिका बैठकको निर्णयहरूको समीक्षा गरियो ।
२. अन्तिम संस्कार खर्च वितरण सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने ।
३. ब्याक लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० लाई अनुसूची-१ बमोजिम संशोधन गर्ने ।
४. चिचिला गाउँपालिकामा कार्यरत देहायका प्राविधिक कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कनको आधारमा देहाय बमोजिम गर्ने ।

| क्र. सं. | कर्मचारीको नाम, थर | पद/तह | करार नवीकरण/ज्यालादारी | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | राज राई | सब-इञ्जिनियर | ज्यालादारी | १ महिना | |
| २. | गौरव थापा | अ.सब इञ्जिनियर | करार | ६ महिना | |
| ३. | ज्ञान बहादुर तामाङ | अ.सब-इञ्जिनियर | करार | ६ महिना | |
| ४. | मनि कुमार राई | अ.सब-इञ्जिनियर | करार | ६ महिना | |
| ५. | दावा साङ्गे शेर्पा | अ.सब-इञ्जिनियर | ज्यालादारी | १ महिना | |

५. इसुवा इनर्जी प्रा.लि.ले मिति २०८१/०४/२८ गते कर छुटको लागि सिफारिस गरी दिने भनी अनुरोध पत्र प्राप्त भएकाले कोशी प्रदेश राजपत्रको मिति २०८१/३/१३ गते प्रकाशित गरे बमोजिम राजपत्रको दफा २ घरजग्गा तथा अन्य रजिष्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर सम्बन्धमा राजपत्रको अनुसूची १(घ) को २ मा भएको प्रावधान अनुसार जलविद्युत आयोजनाको नाममा खरिद हुने तपसिलका जग्गाको इसुवा खोला PROR क्यासकेड जलविद्युत ४०.१ मे.वा. क्षमताको आयोजनाको पावरहाउस स्विचयार्ड देखि नेपाल विद्युत प्राधिकरणको सितलपाटी सवस्टेशनसम्म प्रसारण लाईन विस्तार कार्यका लागि लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्कमा नियमानुसार छुटका लागि सिफारिस उपलव्ध गराउने ।

| क.सं. | वडा नं. | कित्ता नम्बर |
|---|---|---|
| १. | चिचिला वडा नं. २ | ८३२, ८१२, ८१६, २१०, २३४,२६४, २६७, ८९४, ३०३, ३०४,१०१३, ९६५, ९१०, ८५, ८६, ४४, ६२८ |

चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

## कार्यपालिका बैठक निर्णय

बैठक मितिः २०८१/०४/३२
बैठक प्रारम्भ समयः ११:०० बजे
बैठक सङ्ख्याः ०१
बैठक समापन समयः ३:०० बजे

| | | |
|---|---|---|
| २. | चिचिला वडा नं. ३ | ७५४, ७५३, ६९१, ३४६, ३४७, ३६३, ३,१८, ९३८, ९४०, १६८२, १००४, १०३४,१०८१, ६२८, १०७५, १०७७,१०७८, १४१९, ५८९, १२३३, १३७२, १३७३, १२८१, १००१, ९८५, ९६६, ९५३,२६६, २६५, २६४, २६३ |

६. कार्यादेश विना प्रकाशन हुने सूचना तथा सन्देशमूलक सामग्रीको बिल भुक्तानी नगर्ने र सो सम्वन्धमा गाउँपालिकाको वेवसाईटमा सूचना प्रकाशन गर्ने ।

७. सम्पूर्ण विषयगत शाखाहरूको कार्ययोजना स्वीकृत गर्ने ।

८. चिचिला गाउँपालिकाका देहायका स्वास्थ्य चौकी तथा विद्यालयहरूको लागि स्कुल बस तथा एम्वुलेन्स व्यवस्थापनका लागि भारतीय राजदूतावाससँग माग गर्ने र भारतीय राजदूतावाससँग आवश्यक समन्वयका लागि SJVN सँग अनुरोध गर्ने ।
   क. पांठापाखिवास स्वास्थ्य चौकी, चिचिला-४ का लागि एम्वुलेन्स (संख्या-१),
   खः सरस्वती मा.वि., वलौटे, चिचिला-४ का लागि स्कुल बस (संख्या-१),
   ग. धर्मदेवी मा.वि., देवीटार, चिचिला-५ का लागि स्कुल बस (संख्या-१),
   घ. जालपा मा.वि., दिदिङ्ग डाँडागाउँ, चिचिला-३ का लागि स्कुल बस (संख्या-१),
   ङ. प्रभात मा.वि., वर्देउ, चिचिला-२ का लागि स्कुल बस (संख्या-१) ।

९. कोशी प्रदेश सरकार अन्तर्गत उद्योग, कृषि तथा सहकारी संस्था मन्त्रालयसँग चिचिला गाउँपालिकालाई कृषि एम्वुलेन्स माग गरिएकोमा प्राप्त नभएकोले पुनः माग गरी पठाउने ।

१०. चिचिला गाउँपालिका वडा नं.१ स्थित डेंवा देखि सोभाङ्मा सडक खण्ड अन्तर्गत छ्याङखोलामा बाटो मर्मतका लागि गाउँपालिकाबाट इन्धनं व्यवस्थापन गरी स्काभेटर भाडामा लिई आकस्मिक कोषबाट रकम भुक्तानी गर्ने ।

११. चिचिला गाउँपालिका वडा नं.२ गैरीआङ्ला निवासी तिलक सिंह राईको बुहारी, भोलामान राईको पत्नी श्री बिमा माया राई(ना.प्र.प.नं.६३१-११४७) लडेर मेरुदण्डमा चोट परी कम्मरदेखि मुनिको भाग नचल्ने अवस्था रहेको र फोक्सोमा संक्रमण भई वि एण्ड वि अस्पतालमा काठमाडौंको भेन्टिलेटरमा उपचाररत अवस्थामा रहेको हुँदा आर्थिक सहायताका लागि २ नं. वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा आर्थिक सहायता शीर्षकबाट रु.२५,०००।-(पच्चीस हजार रुपैयाँ मात्र) उपलब्ध गराउने ।



२०८१-४-३२

चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

## कार्यपालिका बैठक निर्णय

बैठक मितिः २०८१/०४/३२ बैठक सङ्ख्याः ०१
बैठक प्रारम्भ समयः ११:०० बजे बैठक समापन समयः ३:०० बजे

१२. चिचिला गाउँपालिका वडा नं.१, ढाँडगाउँ बस्ने श्री सागर बुढाथोकीको गोठमा बाँधीराखेको गर्भवती भैंसी मिति २०८१।०४।१६ गते बेलुका २२.४५ बजेको समयमा चट्याङ लागी मरेकोले विपद् व्यवस्थापन कोषबाट विपद् व्यवस्थापन कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ बमोजिम रु.१५,०००।-(पन्ध्र हजार रुपैयाँ मात्र) उपलब्ध गराउने ।

१३. चिचिला गाउँपालिका वडा नं.४, खालिङगाउँ बस्ने गंगा कुमार राईको नातिनी रबिन राईको छोरी वर्ष १९ की सुसन राईलाई एपेन्डीसाईटिस भएको र निजको घरको आर्थिक अवस्था नाजुक भएको कारण आर्थिक सहायता उपलब्ध गराई दिनका लागि ४ नं. वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा आर्थिक सहायता शीर्षकबाट रु.१०,०००।-(दश हजार रुपैयाँ मात्र) उपलब्ध गराउने ।

१४. चिचिला गाउँपालिका वडा नं.३ मा SAPDC मार्फत निर्माणाधीन किराँत सामुदायिक भवनको पछाडि पट्टिको भागमा पहिरो गई भवन र शौचालय जोखिममा परेको हुँदा उक्त भागमा संरक्षणको लागि पर्खाल र Drainage निर्माण गरिदिनका लागि SAPDC समक्ष अनुरोध गर्ने ।

१५. २०८१ साल भाद्र २१ गतेका दिन पर्ने हरितालिका तीज विशेष कार्यक्रम आयोजनाका लागि आकस्मिक कोषबाट रु.४५,०००।-(पैंतालीस हजार रुपैयाँ मात्र) भुक्तानी गर्ने र उक्त कार्यक्रमको संयोजनका लागि महिला, बालबालिका तथा समाज कल्याण इकाईलाई जिम्मेवारी तोक्ने ।

१६. चिचिला गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्था तथा विद्यालय लगायतका संगठित संस्थाको कोषबाट व्यक्तिगत कामका लागि रकम प्रयोग गरी फिर्ता नगरेको खण्डमा उक्त संस्थाका लेखा उत्तरदायी पदाधिकारीको सेवा सुविधाबाट उक्त रकम असुल उपर गर्ने र सम्बन्धित संस्थामा परिपत्र गर्ने ।

१७. श्री देउराली आ.वि., चिचिला-२, सङ्खुवासभामा कार्यरत प्रा.वि.तृतीय (स्थायी) पदमा कार्यरत शिक्षक श्री रुपा कार्कीले सरुवा सहमतिका लागि निवेदन पेस गरेकोमा निजको पदस्थापन मिति २०८०/१२/२८ गते भएको र चिचिला गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०८० को दफा ४० को उपदफा (२) बमोजिम २ शैक्षिक सत्र नपुगेकोले निजलाई सरुवा सहमति नदिने ।

१८. University for Peace, Center for Executive Education, Costa Rica को 19 August, 2024 को पत्र अनुसार चिचिला गाउँपालिकाका अध्यक्ष श्री पासाङ नुर्बु शेर्पालाई September 21 देखि २३ सम्म 'Intercultural Communication and Collaboration' विषयक दुई दिने कार्यशालामा सहभागिताका लागि निमन्त्रणा प्राप्त भएको हुँदा चिचिला गाउँपालिकालाई कुनै व्ययभार नपर्ने गरी

चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

कार्यपालिका बैठक निर्णय

| | | | |
|---|---|---|---|
| बैठक मितिः | २०८१/०४/३२ | बैठक सङ्ख्याः | ०१ |
| बैठक प्रारम्भ समयः | ११:०० बजे | बैठक समापन समयः | ३:०० बजे |

सहभागिताका लागि जान अनुमति दिने र मनोनयनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने ।

१९. जिल्ला सङ्खुवासभा साविक मत्स्यपोखरी गा.वि.स. वडा नं.२ हाल चिचिला गाउँपालिका वडा नं.१ निबासी श्री सुरज पौडेल ऐ.गाउँपालिका अन्तर्गत ४ नं. वडा कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत रहेको, निजलाई मत्स्यपोखरी गाउँ विकास समितिको कार्यालयको च.नं.११२ मिति २०७२/०९/१० गतेको पत्रानुसार ऐ.गा.वि.स.को मिति २०७२/०८/११ गतेको सर्वदलीय सर्वपक्षीय बैठकको निर्णय र २४औं गाउँ परिषद्ले अनुमोदन गरे बमोजिम सुरज पौडेललाई गा.वि.स.को कार्यालय सहायक पदमा नियुक्त गरेको देखिएको, चिचिला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको च.नं.७ मिति २०७३/१२/०७ गतेको पत्रानुसार निजलाई चिचिला गाउँपालिका अन्तर्गत वडा नं.१ र वडा नं.४ को वडा कार्यालयको कार्यालय सहायकको जिम्मेवारी तोकिएको देखिएको, निज सुरज पौडेललाई त्यसभन्दा यताका आर्थिक वर्षहरूमा कार्यालय सहयोगीको रूपमा सेवा करारमा कामकाजमा खटाईएकोमा चिचिला गाउँपालिकाको गाउँसभाको मिति २०८०/०५/२० गतेको बैठकले कार्यालय सहायक पदमा पुनः पदस्थापन गर्ने निर्णय गरेको देखिएको, निजको व्यक्तिगत विवरण अध्ययन गर्दा निज सुरज पौडेलले सरस्वती मा.वि. पाखिवासबाट २०६३ सालमा द्वितीय श्रेणीमा एस.एल.सी. उत्तीर्ण गरेको देखिएको र निजको योग्यता सहायकस्तर चौथो तहको पदको लागि आवश्यक शैक्षिक योग्यता रहेको देखिएको हुँदा निजलाई आ.व.२०८१/०८२ मा श्रावण १ गतेदेखि लागू हुने गरी कार्यालय सहायक पदमा सेवा करार गर्ने, निजको तलव सेवा सुविधा मासिक रु.३२,८५६।-(बत्तीस हजार आठ सय छपन्न रुपैयाँ मात्र) तोक्ने । निजलाई चिचिला गाउँपालिका, ४ नं. वडा कार्यालयको वडा सचिवको जिम्मेवारी तोक्ने ।